नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०७५।७६ मिति: २०७५।०४।०३

चलानी नं. ०२

**विषय: आवश्यक सहयोग गरिदिने सम्बन्धमा ।**

श्री महा/उपमहा/नगरपालिकाहरु सबै ।

श्री गाउँपालिकाहरु सबै ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (आधारभूत शिक्षा) को पत्र संख्या २०७४।०७५ च.नं. ५६९ मिति २०७५।३।३२ को पत्रानुसार नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।०३।०४ को निर्णयानुसार मुलुकका सबै शिक्षक दरबन्दीलाई हाल केन्द्रियस्तर (मन्त्रालय) पुलमा राखी स्थानीय तहगत शिक्षक दरबन्दी किटान गरी पुनर्वितरण गर्ने एवं समग्र शिक्षक व्यवस्थापन सम्बन्धमा अध्ययन एवं विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित शिक्षक दरबन्दी पुनर्वतरण सुझाव कार्यदललाई तोकिए बमोजिमको कार्यादेश पुरा गर्न ७५३ वटा स्थानीय तहले विद्यालय, विद्यार्थी तथा शिक्षकहरुको तथ्यांक सत्यापन गरी ७ दिनभित्र शिक्षा विभाग मार्फत कार्यदलमा पेश गर्ने प्रयोजनका लागि स्थानीय तहहरुलाई त्यहाँ मन्त्रालय मार्फत निर्देशनका लागि आवश्यक सहयोग हुन यस मन्त्रालयमा अनुरोध भई आएको छ ।

यस सन्दर्भमा त्यहाँ गाउँ/नगरपालिकामां सञ्चालनमा रहेका विद्यालयका लागि आवश्यक शिक्षक दरबन्दी किटान र व्यवस्थापन कार्यको लागि आवश्यक विवरण तयार गरी शिक्षा विभागमा उपलब्ध गराइदिनुहुन आदेशानुसार अनुरोध छ ।

.............................

केशवराज पाेर्ध

शाखा अधिकृत

**बोधार्थ:**

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री सूचना प्रविधि शाखा: यस पत्रलाई मन्त्रालयको web site मा upload गरिदिनुहुन अनुरोध छ ।